# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या: ०८१/८२
चलानी नम्बर :-

(प्रथम पटक सूचना प्रकाशन मितिः २०८१/१२/२६ ने.सं.: ११४५ चौलाथ्व ११ मंगलबार)

## कृषि यान्त्रीकरण /हाते ट्याक्टर खरिद बितरण कार्यक्रमको प्रस्ताव आह्वानको सूचना।

पालुङटार नगरपालिकाको आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम कृषि यान्त्रीकरण /हाते ट्याक्टर खरिद वितरण कार्यक्रम अनुसार यस पालुङटार नगरपालिका भित्रका कृषक/ कृषक समुह/सहकारी/ कृषि फर्महरु लाई ५० प्रतिशत अनुदानमा हाते ट्याक्टर वितरणको कार्यक्रम रहेकोले सूचना प्रकाशन भएको मितिले २१ औं दिन (मिति २०८२/०१/१६गते) कार्यालय समय भित्र नगर कृषि विकास शाखा वा वडा कार्यालयमा तपसिल बमोजिमको कागजात सहित आवेदन दिनुहुन सम्बन्धित सम्पुर्णमा यो सूचना प्रकाशन गरिएको छ।

तपसिल:

क) तोकिएको ढाँचाको निबेदन।

ख) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि।

ग) संस्था/समुह/सहकारी/फर्मको हकमा दर्ता, नविकरण, PAN, कर चुक्ता र निर्णयको प्रतिलिपि।

घ) वडा कार्यालय वा नगरपालिकामा रु १०० को राज्वश्व तिरेको रसिद।

ङ) यान्त्रीकरण शिर्षकमा अनुदान नलिएको स्वघोषणापत्र (कम्तीमा गत २ आ.व.मा) ।

च) सम्बन्धित वडा कार्यालयको सिफारिस।

थप जानकारीको लागि नगर कृषि बिकास शाखा वा वडा स्तरिय कृषि प्राबिधिकलाई सम्पर्क गर्न सकिनेछ।

.............................
राजु गौतम
शाखा प्रमुख

Website: www.palungtarmun.gov.np E-mail: palungtarmun@gmail.com
टोल फ्रि नं. १६६०६४४२००२
फोन नं. ०६४-४०००५३, ४०००९२, ४००००२

मितिः २०८१/

श्री शाखा प्रमुखज्यू,

नगर कृषि विकास शाखा

पालुङ्गटार नगरपालिका

गोरखा ।

विषयः अनुदान उपलब्ध गराईपाँउ भन्नेबारे ।

तहाँ कार्यालयबाट मिति २०८१/१२/२६ मा प्रकाशित सुचना अनुसार कृषि यान्त्रीकरण / हाते ट्र्याक्टर खरिद वितरण कार्यक्रम अन्तरगत कार्यक्रमको उद्धेश्य लागत अनुमान लगायतका तपसिलका क्रियाकलाप संचालन गर्नका लागि लागत साझेदारी आबस्यक रहेकोले नियमानुसार अनुदान उपलब्ध गराईदिनुहुन यो निवेदन पेश गरेको छु ।

तपशिलः

कार्यक्रमको उद्धेश्यः

कार्यक्रमको कुल लागत रकम रु

लागत साझेदारी रकम रु

सामाग्रीको स्पेशिफिकेशन मिनिटिलर ........एच.पी. डिजल / पेट्रोल /मोडल

निवेदकको हस्ताक्षर .............................

कृषक / कृषक समुह/सहकारी संस्था/कृषि फर्म/उद्यमी कृषक

संचालक /प्रोपाईटर/ अध्यक्ष/प्रतिनिधि

नाम/थर

मितिः

संस्थाको छाप (संस्था भएमा )

# आवेदकको स्वघोषणाको ढाँचा

श्री पालुङ्गटार नगरपालिका,

नगर कृषि विकास शाखा

पालुङ्गटार गोरखा।

विषयः स्वघोषणा सम्बन्धमा ।

प्रस्तुत विषयका सम्बन्धमा पालुङ्गटार नगरपालिकाको मिति २०८१/१२/२६ मा प्रकाशित सुचना अनुसार कृषि यान्त्रीकरण / हाते ट्र्याक्टर खरिद वितरण कार्यक्रमका लागि आवेदन आह्वान सम्बन्धी सूचना बमोजिम पालुङ्गटार नगरपालिका बार्ड नं.......को हामी/म कृषक / कृषक समुह/सहकारी संस्था/कृषि फर्म/उद्यमी कृषक /संचालक /प्रोपाईटर/ सो कार्यक्रमको लागि आवेदन पेश तथा छनोट भएमा कार्यक्रम कार्यान्वयनको सन्दर्भमा निम्नलिखित स्वघोषणा गर्दछु/गर्दछौ।

(क) यस कार्यविधि बमोजिम सञ्चालन हुने क्रियाकलापहरुमा वित्तीय अनुशासन र सुशासन कायम राख्नेछौं।

(ख) हाम्रो/मेरो कृषक समूह/सहकारी/फर्म/कम्पनि हालसम्म यान्त्रीकरण शिर्षकमा बिगतका ...... बर्षमा अनुदान नलिएको, टाट नपल्टेको, कुनै किसिमका आपराधिक गतिविधिहरुमा संलग्न नरहेको, आर्थिक अपचलन नगरेको र विगतमा नेपाल सरकार वा अन्तर्गतका निकायहरुसँग कृषि अनुदान सम्बन्धी सम्झौता परिपालन नगरेर कारवाही नभोगेको तथा अनुदान सहयोग दुरुपयोग नगरेको व्यहोरा स्वघोषणा गर्दछु/गर्दछौ।

(ग) आवेदनमा प्रस्ताव गरिएका कियाकलापहरु सञ्चालन गर्न आवश्यक पर्ने स्वलगानी गर्न सक्षम रहेको जानकारी गराउँदछु / छौं। साथै आवेदन छनोट भएमा कार्यक्रम सम्पन्न भएपश्चात अनुदान रकम सोधभर्नाको रुपमा प्राप्त हुने व्यवस्थाबारे जानकार छु/छौ।

कार्यक्रममा सहभागी हुने कृषकको नाम थर

नागरिकता नं र जारी गरिएको जिल्ला

हस्ताक्षर

मिति

संस्थाको हकमा संस्थाको छाप,